नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्याः (२११)

मितिः २०८१/०५/०४

श्री राज्य व्यवस्था तथा सुशासन समिति

प्रतिनिधिसभा

सिंहदरबार, काठमाडौं

विषय : ऐन संशोधन सम्बन्धमा ।

माननीय सभापतिज्यू, तथा माननीय संसदज्यूहरु,

नेपाल उद्योग वाणिज्य महासंघ नेपाल राज्यभरका उद्योगी व्यवसायीहरुको छाता संगठन एवं रोजगारदाता संगठन रहेको व्यहोरा माननीयज्यूहरुमा अवगत नै छ ।

नेपालको सविंधान र नेपाल राज्यले अवलम्वन गरेको आर्थिक नीति अनुरुप निजी क्षेत्रले उद्योग, व्यवसाय व्यापार संचालन गरि आर्थिक विकासमा महत्वपूर्ण योगदान गरि आएको छ । उद्योग व्यवसायमा राज्यको सहभागीता कम हुंदै गएको र निजी क्षेत्रको व्यापक सहभागीता बढ्दै गैरहेको हुँदा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य वृद्धि भै रहेको व्यहोरा पनि माननीयज्यूहरु जानकार नै हुनुहुन्छ । निजी क्षेत्रले आफ्नै पूंजी, ज्ञान, श्रम सीपको लगानीबाट मुलुकको आर्थिक विकासको लक्ष्य पुरा गर्न ठुलो सहयोग पुगिरहेको छ। लगानी मैत्री कानूनी प्रबन्धबाट नै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न सकिन्छ । निजी क्षेत्रको लगानी आकर्षित गर्न राज्यका कानूनी प्रबन्ध र नियामक निकायबाट प्रवाह हुने सेवा सहज, सरल, दिगो र भरपर्दो हुनु पनि आवश्यक हुन्छ ।

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 5362061, 5362218, 5366889
Cable : FEDERATION, Fax : 977-1-5361022, 5362007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ५३६२०६१, ५३६२२१८, ५३६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-५३६१०२२, ५३६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

यसै बीच नेपाल सरकारले मस्यौदा गरि सम्मानीत संसदमा पेस भई हाल तहाँ समितिमा विचाराधिन रहेका भ्रष्टाचार निवारण ऐन २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को संशोधन विधेयकमा थप गरिएका केही प्रावधानहरु प्रति यस महासंघको गंभिर ध्यानाकर्षण भएको छ । प्रस्तुत संशोधन विधेयकहरु यथास्थितिमा पारित भएमा निजी क्षेत्रलाई प्रत्यक्ष असर पर्ने मात्र होइन नेपालको सविंधानको धारा २३९ प्रतिकूल समेत हुन जान्छ ।

तसर्थ उल्लेखित ऐनहरुको प्रावधानहरु मध्ये यसैसाथ संलग्न ३ महलेमा उल्लेखित संशोधन प्रस्ताव बमोजिम हुने गरि ऐन संशोधन हुने व्यवस्था गरि उद्योग वाणिज्य तथा निजी क्षेत्रको मात्र नभई समग्र राष्ट्रिय अर्थतन्त्रको विकासमा सहयोग गरि दिनुहुन माननीज्यूहरु समक्ष विनम्रताका साथ अनुरोध गरिन्छ ।

माननीज्यूबाट प्राप्त सहयोगका लागि आभार सहीत

भवदीय

(गोकर्ण राज अवस्थी)

महानिर्देशक

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 5362061, 5362218, 5366889
Cable : FEDERATION, Fax : 977-1-5361022, 5362007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ५३६२०६१, ५३६२२१८, ५३६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-५३६१०२२, ५३६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

# भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयक

| दफा | प्रस्ताव गरिएको | सुधारका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा २ (ग) २ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम स्थापित संस्था, **कम्पनी,** समिति, आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद, **बैंक, मेडिकल कलेज** र सोसँग सम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै सङ्गठित संस्था, | कम्पनी, मेडिकल कलेज र बैंक जस्ता शब्दहरु हटाईनु पर्ने । | निजी क्षेत्रलाई नियमन गर्ने अन्य धेरै निकायहरु भएकोले अझै नियमनकारी निकायहरु थप गर्दा उपयुक्त व्यवसायिक वातावरण र निजी क्षेत्रको मनोबल निरुत्साहित हुने हुंदा निजी क्षेत्रका कम्पनीहरुलाई समेट्न ल्याईएको प्रस्तुत संशोधित व्यवस्था खारेज हुनुपर्ने । |
| | | | |

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ लाई संशोधन गर्न बनेको विधेयक

| दफा | प्रस्ताव गरिएको | सुधारका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| २(घ१) | **“अन्य व्यक्ति ” भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिसंग भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न कानूनी व्यक्ति सम्झनु पर्दछ ।** | खारेज हुनु पर्ने | निजी क्षेत्रका कम्पनीलाई नियमन गर्ने अन्य धेरै निकायहरु भएकोले, आयोगको कार्यक्षेत्र भित्र समेट्न ल्याईएको प्रस्तुत संशोधित व्यवस्था नेपालको संविधानको धारा २३९ विपरीत भएको तथा यसले निजी क्षेत्रबाट गरिने लगानी समेत निरुत्साहित हुने हुँदा खारेज हुनु पर्ने । |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ लाई संशोधन गर्न बनेको विधेयक

| दफा | प्रस्ताव गरिएको | सुधारका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| ३ (ङ २) | नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, **कम्पनी,** प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, **बैंक, मेडिकल कलेज र सोसंग सम्वद्ध अस्पताल र यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्था ,** | नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, ~~कम्पनी,~~ प्रतिष्ठान,बोर्ड, केन्द्र, परिषद्, ~~बैंक, मेडिकल कलेज र सोसंग सम्वद्ध अस्पताल र यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्था~~ , | यो दफाको संशोधित व्यवस्थाले निजी क्षेत्रका व्यक्ति र उनीहरुबाट प्रबर्द्धित कम्पनीहरु आयोगको कार्यक्षेत्र भित्र समेटीने भएको हुँदा, प्रस्तावित संशोधन नेपालको संविधानको धारा २३९ मा भएको व्यवस्था र मर्म विपरीत भएको साथै यसले स्वदेशी तथा विदेशी लगानी समेत निरुत्साहित हुने हुँदा संशोधन हुनु पर्ने । |